**कार्यपालिका बैठक सख्या- १** **मितिः- २०८१।०४।३२**

## निर्णयहरु

**निर्णय नं.१-** विजयनगर गाउँपालिका वडा नं.६,बद्धौर स्थित आधारभूत स्वास्थ्य सेवा अस्पताल संचालनका लागि संघिय सरकारबाट स्विकृत दरवन्दी समेतलाई आधार मानि हाललाई देहाय बमोजिमको जनशक्ति व्यवस्थापन गर्न विज्ञापन गर्ने निर्णय गरियो

**देहाय**

| क्र.सं. | पद | तह | सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | अधिकृतस्तर आठौँ | १ | |
| २ | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ | २ | |
| ३ | स्टाफ नर्स | सहायक पाँचौ | २ | |
| ४ | फार्मेसी सहायक | सहायक पाँचौ | २ | |
| ५ | रेडियो इमेजिङ्ग इकाई | सहायक पाँचौ | २ | |
| ६ | सहायक कम्प्युटर अपरेटर | सहायक चौथो | १ | |
| ७ | सुरक्षा गार्ड | श्रेणी विहिन | २ | |

**निर्णय नं.२-** यस गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा रहेका ताल,पोखरीहरु माछा पालन प्रयोजनका लागि ठेक्कामा लगाउन पटक-पटक ठेक्का आह्वान गरिएकोमा ताल,पोखरीको अवस्था,माछापालन गर्न सकिने संभाव्यतता जस्ता कुराहरुलाई मध्यनजर गरी देहाय बमोजिको न्यूनतम रकम कायम गरी पुनः ठेक्का आह्वान गर्ने निर्णय गरियो।

**देहाय**

| क्र.सं. | ताल/पोखरीको नाम | ठेगाना | कायम गरिने न्यूनतम कबोल रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बद्धौर कर्जा ताल | विजयनगर-६ | ७ लाख | |
| २ | बद्धौर सोईया ताल | विजयनगर-६ | १४ हजार | |
| ३ | गुगौली गाउँको पश्चिम गडहा | विजयनगर-१ | ७५ हजार | |
| ४ | पडरीया पोखरी | विजयनगर-२ | १ लाख ५० हजार | |
| ५ | उठ्हवा पश्चिम गडहा | विजयनगर-२ | ५० हजार | |
| ६ | मयनारी पोखरी | विजयनगर-३ | २ लाख ५० हजार | |
| ७ | भवानी भिक्षु ताल | विजयनगर-३ | २ लाख | |
| ८ | सोनही ताल | विजयनगर-५ | २ लाख ५० हजार | |
| ९ | बघमरी गाउँ पूर्व गडहा | विजयनगर-५ | ४० हजार | |

**निर्णय नं ३-** आ.व.२०८१।०८२ को नीति,कार्यक्रम र बजेटको सफल कार्यान्वयनका लागि समयमा लागत अनुमान तयारी गरी उपभोक्ता समिति गठन तथा ठेक्का आह्वान गरी गुणस्तरिय तवरले कार्य सम्पन्न गर्न/गराउने निर्णय गरियो।

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलवस्तु
लुम्बिनी प्रदेश

आ.व.२०८१।०८२

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

**कार्यपालिका बैठक सख्या- १** मितिः- २०८१।०४।३२

**निर्णय नं ४-** सिपमुलक तथा आय आर्जन कार्यक्रम अन्तर्गत आसन सुधार तथा नल्का गाडने कार्यका लागि सूचना आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं.५-** कार्य सम्पादन मूल्याङ्कन सन्तोषजनक भएका तथा लोक सेवाबाट स्थायी कर्मचारी सिफारिस भई नआइसकेका पदहरुमा करारमा कार्यरत कर्मचारीहरुको आ.व.२०८१।०८२ का लागि करार सेवा म्याद थप गर्न निर्णय गरियो।

**निर्णय नं.६-** वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक पदबाट श्री नेपाल चौधरीले दिनु भएको राजिनामालाई स्विकृत गरी उक्त पदमा कार्यपालिका सदस्य श्री मिना सुनारलाई संयोजक तोक्ने निर्णय गरियो।

**निर्णय नं.७:-**निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

| क्र. सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनिय | जिल्ला कमिटि कपिलवस्तु | २३ औ जिल्ला सम्मेलन | रु. २०,०००।– (वीस हजार मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम |
| २ | मदरसा अहले सुन्नत फैज गौसिया | विजयनगर-५ पिपरी | मोहरम पर्वको उपलक्षमा जलसा कार्यक्रम | रु. ५०,०००।– (पचास हजार मात्र) | चाडपर्व,मेला महोत्सव तथा संस्कृति संरक्षण |

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. १ को निर्णय प्रमाणित गर्दछु

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जितपुर, कपिलवस्तु
लुम्बिनी प्रदेश

आ.व.२०८१।०८२